# नेपाल राष्ट्र बैंक समाचार




वर्ष ४३ | अङ्क १२ | नेपाल राष्ट्र बैंक समाचार | भदौ २०७६ | अगस्ट-सेप्टेम्बर २०१९


# आ.व.२०७६/७७ को मौद्रिक नीति सार्वजनिक




नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७६/७७ को मौद्रिक नीति सार्वजनिक गरेको छ । २०७६ साउन ८ गते एक कार्यक्रमका बीच गभर्नर डा. चिरंजीबि नेपालले आ.व.२०७६/७७ को मौद्रिक नीति सार्वजनिक गर्नुभएको हो ।

अर्थतन्त्रको विद्यमान अवस्था, आन्तरिक तथा अन्तर्राष्ट्रिय आर्थिक परिदृष्य, पन्ध्रौं पञ्चवर्षीय योजना, आ.व.२०७६/७७ को वजेटलाई केन्द्रित गरी मौद्रिक नीतिको कार्यदिशा तय गरिएको जनाइएको छ । मागप्रेरित मुद्रास्फीतिमा चाप पर्न नदिन मौद्रिक योगाङ्कलाई वाञ्छित सीमामा राख्ने र बाह्य स्थायित्वमा पर्नसक्ने प्रभावलाई ध्यानमा राखी मौद्रिक व्यवस्थापन गरिने कार्यदिशा नीतिले लिएको छ ।

आ.व. २०७६/७७ को मौद्रिक नीतिका लक्ष्य, प्राथमिकता, विशेषता र कार्यक्रमहरू देहाय बमोजिम छन् ।

## आर्थिक तथा मौद्रिक लक्ष्य

मूल्य स्थायित्व कायम गर्न उपभोक्ता मुद्रास्फीतिलाई ६ प्रतिशतको सीमाभित्र राख्ने र सरकारको बजेटको लक्ष्य अनुरूप ८.५ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धि हुनेगरी मौद्रिक व्यवस्थापन गरिने लक्ष्य मौद्रिक नीतिले लिएको छ ।

यस्तै, बाह्य क्षेत्र स्थायित्वको निम्ति चालू आ.व.२०७६/७७ मा कम्तीमा सात महिनाको वस्तु वा सेवा आयात धान्न पुग्नेगरी विदेशी विनिमय सञ्चिति कायम राख्ने मौद्रिक नीतिको लक्ष्य छ । मुद्रा प्रदायको विस्तारलाई १८ प्रतिशत तथा आन्तरिक र निजी क्षेत्रतर्फको कर्जा विस्तारलाई क्रमश: २४ र २१ प्रतिशतमा सीमित राख्ने प्रक्षेपण गरिएको छ ।

## सञ्चालन लक्ष्य तथा उपकरण

आ.व. २०७६/७७ को मौद्रिक नीतिले विद्यमान स्थिर विनिमय दर पद्धतिलाई निरन्तरता दिएको छ । अल्पकालीन ब्याजदरको उतारचढाव कम गर्न ब्याजदर करिडोरलाई प्रभावकारी बनाइने उल्लेख छ । यसको निम्ति माथिल्लो सीमाको रूपमा स्थायी तरलता सुविधा दर ६ प्रतिशत, नीतिगत रिपो दर ४.५ प्रतिशत र तल्लो सीमाको निक्षेप संकलन दरलाई ३ प्रतिशत कायम गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने ४ प्रतिशतको अनिवार्य नगद



अनुपातलाई यथावत् राखिएको छ । यस्तै, अघिल्लो वर्षको वैधानिक तरलता अनुपातलाई पनि यथावत् नै राखिएको छ । बैंक दरलाई ६.५ बाट ६ प्रतिशत कायम गरिएको छ ।

## कर्जा तथा स्रोत व्यवस्थापन

बैंक तथा वित्तीय संस्थाले विदेशबाट ऋण प्राप्त गर्नसक्ने स्रोतको दायरा विस्तार गर्दै बैंकिङ क्षेत्रका अतिरिक्त पेन्सन फण्ड, हेज फण्ड जस्ता स्रोतबाट समेत ऋण ल्याउने व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ । बैंक तथा वित्तीय संस्थाले परिवर्त्य विदेशी मुद्रामा लिनसक्ने ऋणको ब्याजदर छ महिनाको LIBOR दरमा थप ३ प्रतिशतसम्म हुनुपर्ने प्रावधान रहेकोमा सो दरलाई ४ प्रतिशत कायम गरिनेछ ।

बैंक तथा वित्तीय संस्थाले संस्थागत विदेशी निक्षेपकर्ता तथा गैरआवासीय नेपालीबाट कम्तीमा दुई वर्ष अवधिको विदेशी मुद्रा मुद्दती निक्षेप संकलन गर्नसक्ने र यस्तो निक्षेपको शत प्रतिशतसम्म नेपाली मुद्रामा कर्जा प्रवाह गर्न पाउने व्यवस्था गरिने समेत नीतिमा उल्लेख छ । यस्तै, बैंक तथा वित्तीय संस्थाले आफ्नो कुल निक्षेपको बढीमा १० प्रतिशतसम्म मात्र एउटै संस्थाबाट निक्षेप स्वीकार गर्नसक्ने व्यवस्था गरिएको छ भने कुल स्वदेशी मुद्रा निक्षेपमा संस्थागत निक्षेपको अंश ५० प्रतिशतसम्म हुनुपर्ने व्यवस्थालाई यथावत् राखिएको छ । वाणिज्य बैंकले २०७७ असार मसान्तभित्र आफ्नो चुक्ता पुँजीको न्यूनतम २५ प्रतिशत बराबर ऋणपत्र जारी गर्नुपर्ने व्यवस्था नीतिमा राखिएको छ । यस्तै, नेपाली जनतासँग रहेको सुन बैंकमा निक्षेप राख्ने विषयमा नीतिगत व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ ।

मौद्रिक नीतिले व्यक्तिगत कर्जा, घर तथा हायर पर्चेज कर्जा जस्ता किस्ता भुक्तानीमा आधारित गैरव्यावसायिक कर्जा प्रवाहमा ऋण भुक्तानी आम्दानी अनुपातको आधारमा अधिकतम सीमा कायम गरिने उल्लेख गरेको छ । वाणिज्य बैंकले कृषिमा न्यूनतम १० प्रतिशत तथा उर्जा र पर्यटनमा १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ । पूर्वाधार विकास बैंकले परियोजना छनोट गर्दा लगानीको न्यूनतम सीमा रु.३० करोड कायम गरिएको छ ।

यसैगरी, “क”, “ख” र “ग” वर्गका संस्थाले आफ्नो कुल कर्जा लगानीको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा लगानी गर्नुपर्ने व्यवस्थालाई यथावत् राखिएको छ । वाणिज्य बैंकले कर्जा र निक्षेपको भारित औसत ब्याजदर अन्तर २०७७ असार मसान्तसम्म ४.४ प्रतिशतमा ल्याउनुपर्ने व्यवस्था मौद्रिक नीतिले गरेको छ ।


## वित्तीय क्षेत्र सुदृढीकरण

प्रणालीगत रूपमा महत्वपूर्ण बैंक (Systemically Important Bank) को नियमन र सुपरिवेक्षणका लागि छुट्टै व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ । वित्तीय सेवाका ग्राहकको हित संरक्षणको लागि वित्तीय ग्राहक संरक्षणसम्बन्धी कार्यविधि तयार गर्ने र नेपाल राष्ट्र बैंकमा ‘ वित्तीय ग्राहक संरक्षण इकाई’ स्थापना गरिने जनाइएको छ ।

बैंक शाखा नपुगेका स्थानीय तहका वडाहरूमा शाखारहित बैंक खोल्न राष्ट्र बैंकको स्वीकृति लिनु नपर्ने व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ । मौद्रिक नीति अनुसार, सम्पत्ति शुद्धीकरण एवम् आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि goAML Software लाई समेत प्रभावकारी बनाउने व्यवस्था मिलाइनेछ ।

बैंक तथा वित्तीय संस्थाको समष्टिगत विवेकशील नियमनको रूपमा Countercyclical Buffer सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिने तथा Liquidity Coverage Ratio र Net Stable Funding Ratio सम्बन्धी मापदण्ड जारी गरिने नीतिमा उल्लेख छ । नेपालका बैंक तथा वित्तीय संस्थाको विदेशमा शाखा खोल्न नीतिगत व्यवस्था गरी विदेशी बैंकको नेपालमा प्रनितिधि/शाखा कार्यालय स्थापना गर्ने नीतिगत व्यवस्थामा पुनरावलोकन गरिने जनाइएको छ । विकास बैंक र वित्त कम्पनीमा बासेल-२ लाई पूर्ण रूपमा लागू गरिने समेत नीतिमा उल्लेख छ ।

यस्तै, बैंक तथा वित्तीय संस्थाले कर्जासँग प्रत्यक्ष रूपले सम्बन्धित वीमा पोलिसी बाहेक अन्य कुनै पनि किसिमको वीमा पोलिसी बिक्री गर्न नपाउने व्यवस्था मौद्रिक नीतिले गरेको छ । लघुवित्त वित्तीय



संस्थाले अनिवार्य रूपमा एक तिहाइ कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न हुने वाणिज्य बैंक र लघुवित्त वित्तीय संस्थालाई थप नीतिगत सहुलियत दिने व्यवस्था मौद्रिक नीतिमा राखिएको छ । (हे. बक्स)

अतिरिक्त शुल्क लिन नपाइने व्यवस्था गरिने समेत जनाइएको छ । बैंक तथा वित्तीय संस्थामा नगद जम्मा गर्न Cash Deposit Machine (CDM) राख्नुपर्ने व्यवस्था मिलाइने कुरा मौद्रिक नीतिले उल्लेख गरेको छ ।

भित्र्याउने र फिर्ता लैजाने प्रक्रियालाई सरलीकरण गरिने र लगानीको लागि प्राप्त हुने निवेदनमाथि यथाशीघ्र आवश्यक निर्णय गरिसक्ने व्यवस्था मिलाइने समेत उल्लेख छ । अध्ययन, सामूहिक भ्रमण लगायतमा हुने विदेशी विनिमय खर्चलाई नियमन गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने कुरा मौद्रिक नीतिमा उल्लेख छ ।

## मर्जरलाई प्रोत्साहन

वाणिज्य बैंकहरू एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न हुने बैंकहरूलाई थप नीतिगत सहुलियत दिने व्यवस्था मौद्रिक नीतिमा राखिएको छ । जुन देहाय बमोजिम छन् ।

- कृषि, उर्जा र पर्यटन क्षेत्रमा तोकिएको कर्जा पुऱ्याउनुपर्ने अवधि २०७८ असार मसान्त कायम गरिने ।
- कर्जा र निक्षेपबीचको ब्याजदर अन्तर ४.४ प्रतिशत कायम गर्नुपर्ने अवधि २०७८ असार मसान्त कायम गरिने ।
- शाखा विस्तार गर्न राष्ट्र बैंकको स्वीकृति लिनु नपर्ने ।
- सञ्चालक समिति सदस्य, प्रमुख कार्यकारी अधिकृत तथा नायब प्रमुख कार्यकारी अधिकृत पदबाट हटेको कम्तीमा छ महिना व्यतीत नभई राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त अन्य संस्थामा सञ्चालक वा अन्य कुनै पनि हैसियतमा काम गर्न नपाउने विद्यमान प्रावधान लागू नहुने ।
- चुक्ता पुँजीको २५ प्रतिशत बराबर ऋणपत्र जारी गरिसक्नुपर्ने अवधि २०७८ असार मसान्त कायम गरिने ।

एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति हुने लघुवित्त वित्तीय संस्थालाई समेत देहायका थप नीतिगत सहुलियत दिने व्यवस्था मौद्रिक नीतिमा राखिएको छ ।

- एकल ग्राहक कर्जा सीमा नाघेको ऋणीको कर्जालाई सीमाभित्र ल्याउन समय थप गर्ने ।
- तोकिएका पुँजीकोष अनुपात पुऱ्याउनुपर्ने समय थप गर्ने ।
- सञ्चालक समिति सदस्य, प्रमुख कार्यकारी अधिकृत तथा नायब प्रमुख कार्यकारी अधिकृत पदबाट हटेको कम्तीमा छ महिना व्यतीत नभई राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त अन्य संस्थामा सञ्चालक वा अन्य कुनै पनि हैसियतमा काम गर्न नपाउने विद्यमान प्रावधान लागू नहुने ।
- स्वीकारयोग्य धितो लिई समूहमा आवद्ध भएका तथा नभएका गाउँपालिका क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूलाई लघुवित्त वित्तीय संस्थाबाट लघुउद्यम सञ्चालन गर्न प्रदान गरिने कर्जाको सीमा रु.१० बाट रु.१५ लाख पुऱ्याइने ।
- आफ्ना कर्मचारीको तलब, भत्ता तथा सुविधालाई निक्षेपको रूपमा स्वीकार गरी स्रोत परिचालन गर्नसक्ने ।

साथै, एकभन्दा बढी लघुवित्त वित्तीय संस्थामा निश्चित प्रतिशतभन्दा बढी शेयर स्वामित्व हुने शेयरधनीहरू भएका संस्थालाई गाभ्ने/गाभिने र प्राप्तिमा प्राथमिकतामा राखी मर्जरमा लैजाने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ ।

## भुक्तानी प्रणाली सुदृढीकरण

वित्तीय प्रविधिको उपयोग बढाइ विद्युतीय भुक्तानी प्रणालीलाई अभिवृद्धि गर्दै नगद कारोबारलाई घटाउँदै लैजाने नीति अवलम्बन गरिने घोषणा मौद्रिक नीतिमा गरिएको छ । चालू आ.व. भित्रै वास्तविक समयको भुक्तानी प्रणाली (RTGS) सञ्चालनमा ल्याइने र राष्ट्रिय भुक्तानी द्वार/स्वीचको विकास मार्फत विद्युतीय भुक्तानी कारोबारको अन्तरआबद्धता सुनिश्चित गरी भुक्तानी कारोबारको राफसाफ स्वदेशमै गर्ने व्यवस्था मिलाइने नीतिमा उल्लेख छ ।

यस्तै, Point of Sale (PoS) मेशिनमार्फत् कारोबार गर्दा ग्राहकसँग

## विदेशी विनिमय व्यवस्थापन

हेजिङ सम्बन्धी नियमावली, २०७५ को प्रभावकारी कार्यान्वयनको लागि हेजिङ सम्बन्धी कार्यविधि तर्जुमा गरिने व्यवस्था मौद्रिक नीतिमा राखिएको छ । विप्रेषण आप्रवाहलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न वैदेशिक रोजगार बचतपत्र र नागरिक बचतपत्रको बिक्री वर्षैभरी खुला गर्न आवश्यक समन्वय गरिने समेत नीतिमा उल्लेख छ ।

विदेशी लगानी आप्रवाहलाई प्रोत्साहन गर्न एकल विन्दु सेवा केन्द्रको रूपमा राष्ट्र बैंकमा रहेको विदेशी विनिमय इकाईलाई प्रभावकारी बनाइ लगानी

मौद्रिक नीति सार्वजनिक गरेपछि गभर्नर डा. चिरंजीबि नेपालले नीतिले राखेका लक्ष्य र कार्यक्रमको कार्यान्वयनको निम्ति सरोकारवाला पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गर्नुभयो । कार्यक्रममा अर्थ मन्त्रालयका सचिव एवम् राष्ट्र बैंकका सञ्चालक डा. राजन खनाल, डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ, सञ्चालकद्वय प्रा.डा. श्रीराम पौडेल र रामजी रेग्मी, राष्ट्र बैंकका उच्च अधिकारीहरू, बैंक तथा वित्तीय संस्थाका प्रमुख लगायतको उपस्थिती थियो । अनुसन्धान विभागका उप-निर्देशक नन्दकुमार ढकालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# एकीकृत निर्देशन, २०७५ मा संशोधन, परिमार्जन र नयाँ व्यवस्था


नेपाल राष्ट्र बैंकले “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन, २०७५ मा संशोधन, परिमार्जन र नयाँ नीतिगत व्यवस्था थप गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा २०७६ साउन २० मा जारी गरिएको परिपत्र अनुसार, आ.व. २०७६/७७ मा “क” वर्गका वाणिज्य बैंकले Capital Adequacy Framework, 2015 र “ख” र “ग” वर्गका वित्तीय संस्थाले Capital Adequacy Framework, 2007 (Updated July, 2008) बमोजिम न्यूनतम पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था गरिएको छ । यसअघि राष्ट्रियस्तरको “ख” वर्गको संस्थाबाहेक अन्य “ख” र “ग” वर्गको निम्ति प्राथमिक पुँजी र पुँजीकोष अनुपात क्रमशः ५.५ र ११.० प्रतिशत तोकिएको थियो ।

यसैगरी वाणिज्य बैंकले आ.व.२०७६/७७ को लागि काउन्टर साइक्लिकल बफरको अनुपात कुल जोखिम भारित एक्सपोजरको दुई प्रतिशत तोकिएको छ। यस्तो बफर २०७७ असार मसान्तसम्ममा कायम गरिसक्नुपर्ने व्यवस्था गरिएको छ । उक्त अवधिसम्म बफर पुँजीकोष कायम नगरेमा आ.व. २०७६/७७ को मुनाफाबाट नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजन बाहेक) वितरण गर्न नपाइने व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाले कुनै व्यक्तिलाई रु. ५० लाख वा सोभन्दा बढी रकमको कर्जा प्रवाह गर्दा त्यस्तो व्यक्तिले अनिवार्य रूपमा स्थायी लेखा नम्बर लिएको हुनुपर्ने व्यवस्था राखिएको छ । यसअघि यो सीमा रु. एक करोडसम्म थियो ।

यसैगरी, बैंक तथा वित्तीय संस्थाले स्वदेशी मुद्रामा पाँच वर्ष वा सोभन्दा बढी अवधिको ऋणपत्र जारी गरेको रकमबाट शत प्रतिशत कर्जा प्रवाह गर्न सकिने व्यवस्था गरिएको छ । एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७७ असार मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा काठमाडौं उपत्यका बाहेकका महानगर र उपमहानगरपालिकामा शाखा खोल्न राष्ट्र बैंकको स्वीकृति लिनुनपर्ने व्यवस्था राखिएको छ। साथै, त्यस्ता बैंकहरूको हकमा


नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि. नीति परिपत्र कखग २/०७६/७७

मिति: २०७६/०४/२०

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को विभिन्न इ.प्रा. निर्देशनहरुमा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/नयाँ व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(देवकुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

काठमाडौं उपत्यका बाहिर तीन वटा शाखा खोली सञ्चालनमा ल्याए पश्चात् काठमाडौं उपत्यकामा एक शाखा खोल्न राष्ट्र बैंकको स्वीकृति लिनुनपर्ने व्यवस्था गरिएको छ ।

संशोधित व्यवस्था अनुसार, २०७७ असार मसान्तसम्ममा “क” वर्गका वाणिज्य बैंकले औसतमा ४.४ तथा “ख” र “ग” वर्गका वित्तीय संस्थाले ५ प्रतिशत औसत ब्याजदर अन्तर कायम गर्नुपर्नेछ । वाणिज्य बैंकले आफ्नो चुक्ता पुँजीको न्यूनतम २५ प्रतिशत बराबर अनिवार्य रूपमा ऋणपत्र जारी गर्नुपर्ने व्यवस्था राखिएको छ । यसरी तोकिएको अवधिभित्र ऋणपत्र जारी नगर्ने बैंकलाई वाणिज्य बैंकको शाखा नभएका स्थानीय तह बाहेकका स्थानमा शाखा विस्तार गर्न रोक लगाउने र भूकम्प पीडितलाई प्रवाह गरिने बाहेकका अन्य पुनर्कर्जा सुविधा प्रदान नगर्ने व्यवस्था गरिएको छ । यद्यपि, मर्जर वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७७ असार मसान्तसम्ममा एकीकृत कारोबार सञ्चालन गर्ने बैंकले भने २०७८ असार मसान्तसम्म ऋणपत्र जारी गर्न सक्नेछन् ।

यस्तै, नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई वीमा अभिकर्ताको कार्य गर्न रोक लगाएको छ । यद्यपि, कर्जा प्रवाहका क्रममा ऋणी स्वयम्ले छनोट गरेको वीमा कम्पनीबाट मात्र कर्जा सुरक्षण स्वरूप राखिएको सम्पत्तिको वीमा गराउन, कर्जाको वीमा गराउन वा विना धितो व्यक्तिगत जमानीमा मात्र प्रवाह भएका कर्जाको हकमा कर्जा अवधिसम्मको लागि ऋणीको आवधिक जीवन वीमा गराउन भने बाधा पुग्ने छैन । संशोधित व्यवस्था अनुसार, राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइने कर्जाको ब्याजदर (बैंक दर) ६ प्रतिशत कायम गरिएको छ। जुन अघिल्लो वर्ष ६.५ प्रतिशत थियो ।

संशोधित व्यवस्था बमोजिम, जलविद्युत परियोजना, कृषि क्षेत्र, पशुपंक्षी तथा मत्स्यपालन व्यवसाय, विदेशमा रोजगारी वा अध्ययन गरी फर्केका युवाले सञ्चालन गर्ने उद्योग व्यवसाय, उत्पादनमूलक उद्योग, पर्यटन उद्योग र भौतिक पूर्वाधार निर्माण उद्योगमा प्रवाह भएको असल कर्जाको धितोमा वार्षिक ३.० प्रतिशत ब्याजदरमा पुनर्कर्जा उपलब्ध गराइनेछ । अघिल्लो व्यवस्थामा यो दर ४.० प्रतिशत थियो । यस्तो कर्जा प्रदान गर्दा औद्योगिक व्यवसाय ऐन, २०७३ मा उल्लेखित अति अविकसित र अविकसित क्षेत्रका उत्पादनमूलक उद्योगलाई प्राथमिकता दिइनेछ। साधारण पुनर्कर्जा सुविधाको उपयोग गर्दा बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीबाट लिन पाइने ब्याजदरलाई ८.० बाट ७.० प्रतिशत कायम गरिएको छ ।

यसैगरी, साना तथा मझौला उद्यमतर्फ परियोजना कर्जाको रूपमा साना तथा मझौला उद्यममा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित रु.१० लाखसम्मको असल कर्जाको धितो सुरक्षणमा दिइने पुनर्कर्जाको वार्षिक ब्याजदरलाई ५.० प्रतिशतबाट ३.० प्रतिशत कायम गरिएको छ । यस्तो पुनर्कर्जा सुविधा उपयोग गर्दाको अवधिमा बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीबाट ७.० प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था राखिएको छ ।

# जोखिम व्यवस्थापन : संस्थागत सुधारको आधार – गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले हरेक वित्तीय संस्थाले जोखिम व्यवस्थापनसम्बन्धी विस्तृत कार्यनीति अवलम्बन गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

बैंकिङ फाइनान्स एण्ड इन्स्योरेन्स इन्स्टिच्युट अफ नेपाल (बिफिन) को पहिलो वार्षिकोत्सव समारोह र जोखिम व्यवस्थापन सम्मेलनलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले सबै किसिमका वित्तीय संस्थाको निम्ति जोखिम व्यवस्थापन आन्तरिक सुशासनको महत्वपूर्ण अङ्ग रहेको विचार व्यक्त गर्नुभयो ।

संस्थागत सुशासन र जोखिम व्यवस्थापनबीच बलियो सम्बन्ध रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “उपयुक्त जोखिम व्यवस्थापन संयन्त्र नभइकन वित्तीय संस्थाले प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्न सक्दैनन् र संस्थाको उद्देश्य समेत पुरा हुन सक्दैन ।”

जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन राष्ट्र बैंकले वित्तीय संस्थाको लागि जोखिम व्यवस्थापन निर्देशिका जारी गरेको जानकारी उहाँले दिनुभयो । उक्त निर्देशिकाले विशेषतः कर्जा, तरलता, लगानी, सञ्चालन, बजार




र ब्याजदरसम्बन्धी जोखिमलाई समेटेको गभर्नर डा. नेपालको भनाइ थियो । साथै, बैंक तथा वित्तीय संस्थाको सञ्चालक र उच्च व्यवस्थापनलाई जोखिम व्यवस्थापनप्रति उत्तरदायी तुल्याउने गरी एकीकृत निर्देशिकामा समेत यसलाई समेटिएको जानकारी उहाँले दिनुभयो ।

कार्यक्रमको दोस्रो र तेस्रो सत्रमा जोखिम व्यवस्थापनको विषयवस्तुमाथि सहभागीहरूबीच छलफल भएको थियो । सो अवसरमा जोखिम व्यवस्थापनका सम्बन्धमा नियामक र सुपरिवेक्षकीय दृष्टिकोण तथा ठूला र खुद्रा लगानी आयोजनाको लागि जोखिम सुधारात्मक रणनीति सम्बन्धी कार्यपत्र प्रस्तुति र छलफल भएको थियो ।

सो अवसरमा नेपालको बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र भारतका विभिन्न संस्थाका विज्ञहरूको समेत सहभागिता रहेको थियो । उक्त कार्यक्रम बिफिनका प्रबन्ध निर्देशक डा. विनोद आत्रेयको सभापतित्वमा सम्पन्न भएको थियो ।

# मर्जरका नीतिगत सहुलियतको फाइदा उठाउनुस्

गभर्नर डा. चिरंजीबि नेपालले आ.व.२०७६/७७ को मौद्रिक नीतिका सहुलियतबाट फाइदा लिँदै मर्जरमा जान लघुवित्त वित्तीय संस्थाहरूलाई आह्वान गर्नुभएको छ । २०७६ साउन ३० गते बुटवलमा आयोजित ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको पाँचौ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले सो आह्वान गर्नुभएको हो ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाले मर्जरपछि सन्तोषजनक प्रगति गरेको उदाहरण दिँदै गभर्नर डा. नेपालले संस्थागत क्षमता अभिवृद्धिको निम्ति मर्जरको आवश्यकतामा जोड दिनुभयो । नेपालमा अझै ३५ प्रतिशत जनता वित्तीय सेवाको पहुँच बाहिर रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “लघुवित्तले आफ्नो कार्यक्षेत्र विस्तार गरी ग्रामीण भेगमा वित्तीय साक्षरता अभियान चलाएर वित्तीय पहुँच बढाउनुपर्ने अवस्था छ ।” आगामी दिनमा आफ्नो क्षमता अभिवृद्धि र आधुनिक प्रविधिको प्रयोगमा ध्यान दिन ग्रामीण विकास लघुवित्त वित्तीय संस्थालाई आग्रह गर्नुभयो ।




कार्यक्रममा ग्रामीण विकास लघुवित्त वित्तीय संस्था सञ्चालक समितिका अध्यक्ष माणिकरत्न शाक्यले उक्त संस्थाले सेवामुखी भावनाले कार्य गरेको चर्चा गर्दै संस्थाले ग्रामीण क्षेत्रमा स्व-रोजगार सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो । सो अवसरमा ग्रामीण विकास लघुवित्त संस्थाका प्रमुख कार्यकारी अधिकृत पर्वतकुमार कार्कीले स्वागत मन्तव्य राख्दै संस्थाको विगत र वर्तमानको अवस्था तथा संस्थाको भावी योजनाबारे प्रकाश पार्नुभएको थियो ।

वार्षिकोत्सव समारोहमा संस्थाको कर्जा प्रवाह २०७६ आषाढ मसान्तसम्ममा रु. ९ अर्ब ९० करोड पुगेको र सञ्चित नोक्सानीमा उल्लेख्य सुधार भई २०७६ असार मसान्तसम्ममा रु.९ करोड ८६ लाखमा सीमित भएको जानकारी दिइएको थियो ।

# कोरियाली अनुसन्धान टोली नेपालमा

दक्षिण कोरियाको एक अनुसन्धान टोलीले नेपाल राष्ट्र बैंक र वित्तीय समावेशीकरण सम्बन्धी स्थलगत अध्ययन भ्रमण सम्पन्न गरेको छ । नेपाल राष्ट्र बैंक र बैंक अफ कोरियाको "Bank of Korea - Knowledge Partnership Program (BOK-KPP), 2019" कार्यक्रमको प्रारम्भिक चरण अन्तर्गत अनुसन्धान टोलीले उक्त भ्रमण गरेको हो ।

अनुसन्धान टोलीमा कोरिया युनिभर्सिटीका प्राध्यापकद्वय Choong Lyol LEE र Myung Kee KIM, योन्साई युनिभर्सिटीका प्राध्यापक Joonmo Yang र कोरिया युनिभर्सिटीका अनुसन्धान सहायक Choongwon LEE सम्मिलित टोली नेपाल आएको हो । २०७६ साउन १० गते काठमाडौं आएको उक्त टोलीले साउन १७ गतेसम्म अध्ययन गरेको थियो । उक्त अध्ययनमा राष्ट्र बैंकको तर्फबाट निर्देशक दयाराम शर्मा पंगेनी, उप-निर्देशकद्वय राजनप्रसाद अधिकारी र सुशिल ज्ञवाली, सहायक निर्देशकद्वय मनोजकुमार केसी र जुगलकिशोर कुशवाहा सहितको टोली परिचालन गरिएको थियो ।

यस क्रममा अनुसन्धान टोलीले साउन १२ गते अध्ययनको सम्बन्धमा प्रारम्भिक छलफल गरी स्याङ्जाको बिरुवा र पुतलीबजारस्थित सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडको शाखा कार्यालय, काठमाडौंस्थित लक्ष्मी बैंक लिमिटेडको साना तथा मझौला व्यवसाय प्रवर्द्धन इकाई, निर्धन लघुवित्त वित्तीय संस्था लिमिटेड, चन्द्रागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नेपाल लघुवित्त संघमा पुगी नेपालमा वित्तीय समावेशीकरणको विषयमा स्थलगत अध्ययन गरेको थियो । उक्त अध्ययनपछि साउन १७ गते सोको समीक्षा बैठक आयोजना भएको थियो । उक्त बैठकमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्के र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको समेत उपस्थिति थियो ।

नेपाल भ्रमणका दौरान कोरियाली अनुसन्धान टोलीले डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठसँग भेटघाट गरी नेपालमा वित्तीय सेवाको पहुँच, वित्तीय समावेशीकरण र वित्तीय प्रणालीका विविध पक्षको बारेमा जानकारी लिएको थियो ।





## विराटनगरमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले २०७६ साउन १३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक रोशनकुमार सिग्देलको सभापतित्वमा सम्पन्न कार्यक्रममा उप-निर्देशक ईश्वरकुमार कटुवालले 'सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।



सो अवसरमा उप-निर्देशक कटुवालले कार्यविधिका उद्देश्य, उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने, रोजगारीका अवसरहरू सिर्जना गर्ने, विदेशबाट फर्केका युवाको सीप र व्यावसायिक दक्षताको उपयोग गर्ने, महिला उद्यमशिलताको विकास गर्ने, भूकम्प पीडितको आवास निर्माणको लागि सहुलियतपूर्ण कर्जा प्रदान गर्ने विषयमा चर्चा गर्नुभयो । साथै, कर्जाको प्रकार, कर्जाको सीमा, कर्जा भुक्तानी अवधि, कर्जाका लागि योग्यता तथा शर्त, कर्जाको व्याजदर, कर्जाको सुरक्षण, बीमा, अनुदान रकम वितरण प्रक्रिया, कार्यविधिमा सम्बद्ध विभिन्न निकायहरूको काम, कर्तव्य, अधिकार, कारवाही र गुनासो सम्बन्धी विविध विषयमा छलफल भएको थियो ।

कार्यक्रममा प्रस्तुत वार्तामाथि छलफल हुँदा निर्देशक सिग्देल र उप-निर्देशक कटुवालले सहभागीद्वारा उठाइएका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यक्रममा विराटनगर कार्यालयका कर्मचारीको सहभागिता थियो ।

# कञ्चनपुरमा तथ्याङ्क सङ्कलन गोष्ठी सम्पन्न



नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले २०७६ साउन १७ गते कञ्चनपुरको महेन्द्रनगरमा सरोकारवाला निकायका प्रतिनिधिहरूसँग तथ्याङ्क सङ्कलन सम्बन्धी गोष्ठी सम्पन्न गऱ्यो । धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त गोष्ठीमा सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी, व्यवसायी लगायत ५० जनाको सहभागिता थियो ।

कार्यक्रममा कार्यालयका सहायक निर्देशक यमबहादुर शाहले तथ्याङ्क सङ्कलनका विविध पक्षबारे कार्यपत्र प्रस्तुत गर्दै तथ्याङ्क सङ्कलनको ढाँचा, महत्व, प्रभावकारिताबारे प्रकाश पार्नुभयो । सो अवसरमा निर्देशक अधिकारीले राष्ट्र बैंकले विभिन्न आर्थिक परिसूचक झल्काउने तथ्याङ्क सङ्कलन गरी विस्तृत प्रतिवेदन तयार गर्ने र त्यसबाट विगत र वर्तमानको तुलनात्मक विश्लेषण गरी आर्थिक नीतिका भावी कार्यदिशा तय गर्न सान्दर्भिक हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका का.मु.उपनिर्देशक झकेन्द्रबहादुर शाहीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक जयबहादुर साउदले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सहुलियतपूर्ण कर्जा सम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयले २०७६ साउन २२ गते "नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था बमोजिम प्रवाह हुने सहुलियतपूर्ण कर्जा" विषयक एकदिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक राजनबिक्रम थापाको प्रमुख आतिथ्यतामा वीरगञ्जमा उक्त कार्यक्रम आयोजना भएको हो ।

कार्यक्रममा वीरगञ्जस्थित बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुखहरू, कृषि ज्ञान केन्द्र र पशु सेवा विज्ञ केन्द्रका प्रतिनिधि, घरेलु तथा साना व्यवसायी, महिला उद्यमी, अगुवा कृषकहरू लगायत अन्य सरोकारवालाको सहभागितो थियो । सो अवसरमा नेपाल सरकारद्वारा ब्याज अनुदान प्रदान गर्नेगरी नेपाल राष्ट्र बैंक मार्फत कार्यान्वयनमा ल्याइएको सहुलियतपूर्ण कर्जाको नीतिगत व्यवस्थाका सम्बन्धमा बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक केशवप्रसाद तिमिल्सिनाले कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा बैंकहरूको तर्फबाट सहुलियतपूर्ण कर्जाको प्रभावकारितामा देखिएका समस्या र चुनौतीबारे उल्लेख गरिएको थियो ।

कार्यक्रमका वीरगञ्ज उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष सुबोधकुमार गुप्ताले बैंकरहरू र व्यवसायी/सेवाग्राहीबीच रहेको दुरी घटाउन र सरकारी तवरबाट कार्यान्वयनमा ल्याइएको नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा यस्तो कार्यक्रमबाट सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । नेपाल बैंक लिमिटेड, प्रदेश नं २ का इन्चार्ज मुख्य प्रबन्धक प्रतिभा डंगोलले विद्यमान नीतिगत व्यवस्थाको अधीनमा रही कर्जा प्रवाह गर्न बैंकहरू प्रतिवद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित सहुलियतपूर्ण कर्जाको अवस्था, समस्या तथा चुनौतीबारे चर्चा गर्दै यसको प्रभावकारिता अभिवृद्धिको लागि आ-आफ्नो सुझाव राखेका थिए । सो अवसरमा वीरगञ्ज कार्यालयका निर्देशक राजनविक्रम थापाले सरकारले उच्च प्राथमिकतामा राखेको सुहुलियतपूर्ण कर्जाको प्रभावकारिताका लागि बैंक तथा वित्तीय संस्थाको प्रयास नपुगेको र सेवाग्राहीले समेत सो सम्बन्धमा आवश्यक जानकारी नराखेका कारण अपेक्षित रूपमा उपलब्धि हासिल हुन नसकेको बताउनुभयो ।

वीरगञ्ज कार्यालयका उप-निर्देशक श्यामराज त्रिपाठीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तब्य राख्नुभएको थियो । कार्यक्रमको व्यवस्थापन र सञ्चालन कार्यालयका सहायक निर्देशकद्वय विनय केशरी र प्रतिभा थापाले गर्नुभएको थियो ।



## Major Financial Indicators

as on Saun End, 2076 (Mid-Aug, 2019)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 82.43 | 11.55 | 2.22 | 96.20 |
| 2 | Total Credit/GDP | 72.41 | 9.89 | 1.98 | 84.28 |
| 3 | Total Credit/ Total Deposit | 87.84 | 85.62 | 89.37 | 87.61 |
| 4 | CCD Ratio# | 75.78 | 75.17 | 73.07 | 75.43 |
| 5 | Fixed Deposit/Total Deposit | 46.76 | 47.39 | 52.47 | 46.96 |
| 6 | Saving Deposit/Total Deposit | 31.59 | 33.41 | 30.55 | 31.78 |
| 7 | Current Deposit/Total Deposit | 8.54 | 1.56 | 0.45 | 7.52 |
| 8 | Call Deposit/Total Deposit | 11.94 | 17.57 | 6.99 | 12.50 |
| 9 | NPL/ Total Loan@ | 1.40 | 0.92 | 8.80 | 1.52 |
| 10 | Total LLP/Total Loan | 2.04 | 1.60 | 9.48 | 2.17 |
| 11 | Deprived SectorLoan/Total Loan $ | 6.07 | 10.14 | 7.81 | 6.56 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 9.12 | 13.09 | 17.25 | 9.79 |
| 2 | Investment in Gov. Security/Total Deposit | 12.09 | 3.92 | 5.04 | 10.95 |
| 3 | Total Liquid Assets/Total Deposit | 22.83 | 27.90 | 36.04 | 23.75 |
| **C. Capital Adequacy Ratios (%)@** | | | | | |
| 1 | Core Capital/RWA | 12.38 | 14.86 | 19.50 | 12.77 |
| 2 | Total Capital/RWA | 13.95 | 15.95 | 20.42 | 14.29 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 28 | 29 | 23 | 80 |
| 2 | No. of Branches | 3,643 | 1,288 | 207 | 5,138 |
| 3 | No. of Deposit Accounts@ | 22,927,898 | 4,375,814 | 562,793 | 27,866,505 |
| 4 | No.of Loan Accounts@ | 1,047,537 | 349,126 | 42,985 | 1,439,648 |
| 5 | No. of Branchless Banking Centers@ | 1,529 | 1 | - | 1,530 |
| 6 | No. of Branchless Banking Customers@ | 168,164 | 143 | - | 168,307 |
| 7 | No. of Non-operated Branchless Banking Centers | 189 | - | - | 189 |
| 8 | No. of Mobile Banking Customers@ | 7,406,802 | 909,512 | 30,873 | 8,347,187 |
| 9 | No. of Internet Banking Customers@ | 888,268 | 24,124 | 4,952 | 917,344 |
| 10 | No. of ATMs@ | 2,951 | 318 | 47 | 3,316 |
| 11 | No. of Debit Cards@ | 6,454,285 | 216,991 | 37,245 | 6,708,521 |
| 12 | No. of Credit Cards@ | 123,146 | - | - | 123,146 |
| 13 | No. of Prepaid Cards@ | 67,386 | - | - | 67,386 |
| **E. Interest Rate(%)** | | | | | |
| 1 | Wt. Avg Interest on Deposit | 6.77 | | | |
| | (a) Saving | 5.02 | | | |
| | (b) Fixed | 9.89 | | | |
| | (c) Call | 4.28 | | | |
| 2 | Wt. Avg Interest on Credit | 12.09 | | | |

*Note:*

Bank balance includes money at call
Nominal GDP(At Producer's Price) for 2018/19 Rs. 34,64,319 million(Preliminary)
Adjustments are not included in Credit Deposit Ratio Calculation.
Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios
$ 6 months prior Total Loan is taken to calculate Deprived Sector Lending
# Shrawan month end (last day) CCD ratio
@ Data as on 4th Quarter of FY2075/76 (2018/19)

# वैदेशिक तालिम/सेमिनार

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारी SEACEN द्वारा २०१९ जुलाई २९-३१ मा इण्डोनेशियामा आयोजित 3rd SEACEN Strategic Human Capital Conference, 41st Meeting of the SEACEN directors of HC and training & Bank Indonesia's International Leadership Seminar विषयक कार्यक्रममा सहभागी हुनुभयो। सोही विभागका निर्देशक तुलसीप्रसाद घिमिरे पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्याल Perum Peruri ले २०१९ अगष्ट ५-७ मा इण्डोनेशियामा आयोजना गरेको Wastages Destruction of Nepalese Rupee 20 Denomination(Series 2016) विषयक कार्यक्रममा सहभागी हुनुभयो । मुद्रा व्यवस्थापन विभागका का.मु. उप-निर्देशक बबी केसी पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्ट DEUTSCHE BUNDESBANK द्वारा २०१९ अगष्ट १२-१६ मा जर्मनीमा आयोजित Controlling at Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो।

यसैगरी, वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक विनोदराज आचार्य SEACEN ले २०१९ जुलाई २२-२६ मा फिलिपिन्समा आयोजना गरेको Monetary Policy विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका उप-निर्देशक नवीना ढकाल, वित्त कम्पनी सुपरिवेक्षण विभागका उप-निर्देशक सजना शिल्पकार र धनगढी कार्यालयका सहायक निर्देशक ध्रुव कार्की समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

जनशक्ति व्यवस्थापन विभागका निर्देशक बुद्धराज शर्मा IMF-SARTTAC द्वारा २०१९ अगष्ट १९-३० मा भारतको नयाँ दिल्लीमा आयोजित Financial Programming and Policies विषयक कार्यक्रममा सहभागी हुनुभयो । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका का.मु. निर्देशक शैलेन्द्र रेग्मी CICTAB ले २०१९ अगष्ट १९-२३ मा भारतको पुनेमा आयोजित Agri Value Chain Financing विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक विष्णुप्रसाद नराल समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

यसैगरी, बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक इमेश पौडेल SEACEN द्वारा २०१९ जुलाई २२-२६ मा कम्बोडियामा आयोजित Expected Credit Losses and Provisioning विषयक कार्यक्रममा सहभागी हुनुभयो। अनुसन्धान विभागका उप-निर्देशक सुबास आचार्य IMF-STI द्वारा २०१९ अगष्ट १९-२३ मा सिंगापुरमा आयोजित Fiscal Sustainability विषयक कार्यक्रममा सहभागी हुनुभयो। वित्त कम्पनी सुपरिवेक्षण विभागका उप-निर्देशक प्रल्हाद गिरी, बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक गेदा पंगेनी, सामान्य सेवा विभागका उप-निर्देशक टेकेन्द्र भट्टराई, संस्थागत योजना विभागका सहायक निर्देशक देवराज घिमिरे र गभर्नरको कार्यालयका सहायक निर्देशक (कम्प्युटर) जितेन्द्रनारायण श्रेष्ठ पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

वीरगञ्ज कार्यालयका उप-निर्देशक केशवप्रसाद रिमाल Perum Peruri द्वारा २०१९ अगष्ट ५-९ मा इण्डोनेशियामा आयोजित Training and knowledge Transfer विषयक कार्यक्रममा सहभागी हुनुभयो। मुद्रा व्यवस्थापन विभागका उप-निर्देशकद्वय खगराज सापकोटा र सिर्जना श्रेष्ठ, बैंकिङ कार्यालयका सहायक निर्देशक (अ.मा.) राजेन्द्र खत्री, सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक रमेशकुमार न्यौपाने र मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक शान्ता पौडेल समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

यसैगरी, सामान्य सेवा विभागका उप-निर्देशक मनोहर बस्नेत SEACEN ले २०१९ अगस्ट १८-२३ मा श्रीलंकामा आयोजना गरेको SEACEN Course on Intermediate Modeling and Forecasting Techniques विषयक कार्यक्रममा सहभागी हुनुभयो । धनगढी कार्यालयका उप-निर्देशक मनोज पोखरेल र सोही कार्यालयका सहायक निर्देशक नरेन्द्रबहादुर चन्द समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक यज्ञबहादुर कटुवाल SEACEN द्वारा २०१९ अगष्ट ४-९ मा श्रीलंकामा आयोजित SEACEN-BOJ Course on Problem Bank Intervention and Resolution विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्त कम्पनी सुपरिवेक्षण विभागका सहायक निर्देशक बालकुमार थापा र पोखरा कार्यालयका सहायक निर्देशक दलबहादुर थापा समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

यसैगरी, सामान्य सेवा विभागका सहायक निर्देशक अशोककुमार सुनुवार BIS द्वारा २०१९ अगष्ट १९-२३ मा स्विट्जरल्याण्डमा आयोजित Strategic Asset Allocation Workshop विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्तीय जानकारी इकाईका सहायक निर्देशक रामेश्वर पोखरेल NACIN ले २०१९ अगष्ट १९-२४ मा भारतको नयाँ दिल्लीमा आयोजना गरेको AML/CFT Regime विषयक कार्यक्रममा सहभागी हुनुभयो । गभर्नरको कार्यालयका सहायक निर्देशक एरिका कोइराला DEUTSCHE BUNDESBANK द्वारा २०१९ अगष्ट १९-२३ मा जर्मनीमा आयोजित Monetary Policy Framework विषयक कार्यक्रममा सहभागी हुनुभयो।

## पदस्थापन

जनशक्ति व्यवस्थापन विभागले प्रशासन सेवातर्फ सहायक पदमा खुला प्रतियोगितात्मक परीक्षामा सफल भई २०७६ साउन १ देखि नियुक्त भएका ७९ जना कर्मचारीको पदस्थापन गरेको छ।

२०७६ साउन १ को निर्णयानुसार उहाँहरूको पदस्थापन भएको हो। जसमध्ये प्रशासन सेवातर्फ ६८ र सूचना प्रविधि समूहका ११ जना छन्। विभागका अनुसार, प्रशासन सेवातर्फका राजकुमार बस्नेत वित्त व्यवस्थापन विभाग, सोनी अधिकारी र रोहन व्यञ्जनकार अनुसन्धान विभाग, विमल पराजुली पोखरा कार्यालय, कमल कुँवर धनगढी कार्यालय, विक्रम बुढाथोकी पोखरा कार्यालय, लक्ष्मण खतिवडा र कुशल ढकाल अनुसन्धान विभाग, सरोज गोतामे भुक्तानी प्रणाली विभाग र रञ्जना गोतामे वित्तीय जानकारी इकाईमा पदस्थापन हुनुभएको छ।

यसैगरी, प्रतिमा भण्डारी राष्ट्र ऋण व्यवस्थापन विभाग, यज्ञप्रसाद सापकोटा वित्तीय जानकारी इकाई, मदनकुमार काफ्ले बैंक सुपरिवेक्षण विभाग, अनिल खतिवडा बैंक तथा वित्तीय संस्था नियमन विभाग, विशाल अर्याल भुक्तानी प्रणाली विभाग, राजन पोखेल सिद्धार्थनगर कार्यालय, युवराज न्यौपाने नेपालगञ्ज कार्यालय, दुर्गबहादुर घिमिरे विदेशी विनिमय व्यवस्थापन विभाग, संजित घिमिरे वीरगञ्ज कार्यालय र सुस्मिता अर्याललाई विकास बैंक सुपरिवेक्षण विभागमा पदस्थापन गरिएको छ।

यसैगरी, रामचन्द्र बजगाईं आन्तरिक लेखापरीक्षण विभाग, नवराज सुवेदी बैंकिङ कार्यालय, सहदेव भट्टराई धनगढी कार्यालय, शंकर भण्डारी बैंकिङ कार्यालय, रमेश खतिवडा जनशक्ति व्यवस्थापन विभाग, कविन्द्रबाबु बस्नेत र विजय राई बैंकिङ कार्यालय, अमर खत्री मुद्रा व्यवस्थापन विभाग, मनोज राई बैंकिङ कार्यालय र सुजन दुवाडी वित्त व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ।

साथै, चेतराज फुलारा बैंकिङ कार्यालय, विशाल घिमिरे संस्थागत योजना विभाग, गणेशबहादुर कार्की वित्त व्यवस्थापन विभाग, पेशल दाहाल मुद्रा व्यवस्थापन विभाग, प्रदिप घिमिरे सिद्धार्थनगर कार्यालय, सन्ध्या कार्की विदेशी विनिमय व्यवस्थापन विभाग, यज्ञराज ढुंगेल सामान्य सेवा विभाग, माधवप्रसाद खनाल जनकपुर कार्यालय, पुजा शर्मा जनशक्ति व्यवस्थापन विभाग र प्रविनकुमार महतोलाई जनकपुर कार्यालयमा पदस्थापन गरिएको छ।

यसैगरी, दिपा पोखेल र रोजिना सिटौला शिवाकोटी वित्त व्यवस्थापन विभाग, सिर्जना अधिकारी जनशक्ति व्यवस्थापन विभाग, पंखप्रसाद आचार्य टक्सार महाशाखा, विमुना न्यौपाने सामान्य सेवा विभाग, किरणप्रसाद पोखेल सूचना प्रविधि विभाग, कमला पोखरेल वित्त व्यवस्थापन विभाग, सुवास खड्का पोखरा कार्यालय, रवि कनोजिया नेपालगञ्ज कार्यालय, अजय गुरुङ वीरगञ्ज कार्यालय, मदन पुन मगर नेपालगञ्ज कार्यालय, राजेश झा वीरगञ्ज कार्यालय, र सर्मिला पोखेल वित्त व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ।

साथै, भिमबहादुर राना धनगढी कार्यालय, उपमा कर्ण र रेन्जिला अधिकारी बैंकिङ कार्यालय, इच्छा भट्टराई पोखरा कार्यालय, लाइमहाङ्ग लिम्बु जनकपुर कार्यालय, जगिना श्रेष्ठ बैंकिङ कार्यालय, मनिष श्रीवास्तव सिद्धार्थनगर कार्यालय, सौगात परियार नेपालगञ्ज कार्यालय, सुदिप श्रेष्ठ जनकपुर कार्यालय, ल्युमा सुब्बा र प्रिशाली थापा मगर बैंकिङ कार्यालय, हरेराम यादव र रवीन्द्र मल्लिक वीरगञ्ज कार्यालय, जीवन विक नेपालगञ्ज कार्यालय र पुजा गुप्तालाई सिद्धार्थनगर कार्यालयमा पदस्थापन गरिएको छ।

यसैगरी, सूचना प्रविधि समूहतर्फ गौतम अर्याल जनशक्ति व्यवस्थापन विभाग, विनय लुइँटेल भुक्तानी प्रणाली विभाग, सरोज सुवाल मुद्रा व्यवस्थापन विभाग, श्रीजन अधिकारी सामान्य सेवा विभाग, केन्द्रबहादुर मुखिया बैंक तथा वित्तीय संस्था नियमन विभाग, सिकिन्दर महतो बैंकिङ कार्यालय, तथा प्रवीण कंवर, सुनिता महर्जन, जनम थापा, प्रतिभा खनाल र अमरेन्द्रकुमार सरोज सूचना प्रविधि विभागमा पदस्थापन हुनुभएको छ।

## सरुवा/पदस्थापन

२०७६ साउन १० गतेको निर्णयानुसार नेपाल राष्ट्र बैंकका नौ जना कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) को सरुवा भएको छ। साउन १२ गतेदेखि लागू हुनेगरी उहाँहरूको सरुवा गरिएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ।

उक्त निर्णयानुसार, बैंक सुपरिवेक्षण विभागका महेश्वरलाल श्रेष्ठ संस्थागत योजना विभाग, विकास बैंक सुपरिवेक्षण विभागका भुवन कडेल आन्तरिक लेखापरीक्षण विभाग, आन्तरिक लेखापरीक्षण विभागका नीलम ढुङ्गाना (तिम्सिना) राष्ट्र ऋण व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभागका देवकुमार ढकाल बैंक तथा वित्तीय संस्था नियमन विभाग, सामान्य सेवा विभागका मुकुन्दकुमार क्षेत्री बैंक सुपरिवेक्षण विभागमा सरूवा हुनुभएको छ।

यसैगरी, वित्त व्यवस्थापन विभागका ऋषिकेश भट्ट विकास बैंक सुपरिवेक्षण विभाग, संस्थागत योजना विभागका प्रदीपराज पौडेल वित्त व्यवस्थापन विभाग, राष्ट्र ऋण व्यवस्थापन विभागका सुमनकुमार अधिकारी सामान्य सेवा विभाग र बैंक तथा वित्तीय संस्था नियमन विभागका बमबहादुर मिश्र भुक्तानी प्रणाली विभागमा सरूवा हुनुभएको छ।

जनशक्ति व्यवस्थापन विभागले साउन महिनाको विभिन्न मितिमा निर्देशक (अधिकृत प्रथम श्रेणी) को सरूवा गरेको छ। साउन ५ गतेको निर्णयानुसार, जनशक्ति व्यवस्थापन विभागका निर्देशक डा. रामशरण खरेललाई अनुसन्धान विभागमा कामकाज गर्नेगरी सरुवा गरिएको छ।

यसैगरी, साउन २२ को निर्णयानुसार, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक दयाराम शर्मा मुद्रा व्यवस्थापन विभाग, जनशक्ति व्यवस्थापन विभागका गुरूप्रसाद पौडेल विदेशी विनिमय व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभागका किरण पण्डित बैंक तथा वित्तीय संस्था नियमन विभाग, विदेशी विनिमय व्यवस्थापन विभागका ईश्वरीप्रसाद न्यौपाने लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग र अनुसन्धान विभागका

बुद्धराज शर्मा जनशक्ति व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यसैगरी, जनशक्ति व्यवस्थापन विभागले साउन १ गते सहायक स्तरका २१ जना कर्मचारीको सरुवा गरेको छ । विभागका अनुसार प्रधान सहायकहरू बैंकिङ कार्यालयका देवेन्द्र निरौला लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, बैंकिङ कार्यालयका टिकाराम ढकाल विदेशी विनिमय व्यवस्थापन विभाग र वित्त व्यवस्थापन विभागका सुनिता कार्की विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यस्तै, सहायकहरू बैंकिङ कार्यालयका राजप्रकाश आचार्य मुद्रा व्यवस्थापन विभाग, विकास बैंक सुपरिवेक्षण विभागका दिपकप्रसाद सेढाईं सामान्य सेवा विभाग, पोखरा कार्यालयका विमल के.सी. लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, वित्त व्यवस्थापन विभागका आशा थापा लुंगेली मगर राष्ट्र ऋण व्यवस्थापन विभाग, धनगढी कार्यालयका बन्दना दाहाल मुद्रा व्यवस्थापन विभाग, बैंकिङ कार्यालयका आशाकाजी व्यञ्जनकार मुद्रा व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यसैगरी, मुद्रा व्यवस्थापन विभागका खेमा पौडेल बैंकिङ कार्यालय, मुद्रा व्यवस्थापन विभागका रीता अर्याल (कटुवाल) बैंकिङ कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभागका अंगदिप न्यौपाने र मुद्रा व्यवस्थापन विभागका रूपेशमणि भट्टराई विराटनगर कार्यालय, बैंकिङ कार्यालयका सम्झना घिमिरे आन्तरिक लेखापरीक्षण विभाग, वीरगञ्ज कार्यालयका कृष्मा डंगोल संस्थागत योजना विभाग, नेपालगञ्ज कार्यालयका कविता वि.क.लाई बैंकिङ कार्यालयमा सरुवा गरिएको छ ।

साथै, बैंकिङ कार्यालयका सञ्चार चालक अकुर श्रेष्ठ सामान्य सेवा विभाग, उप-सहायकहरू बैंकिङ कार्यालयका राजेन्द्रकुमार राउत टक्सार महाशाखा, मुद्रा व्यवस्थापन विभागका महेश्वरी कँडेल (सिलवाल) बैंकिङ कार्यालय, बैंकिङ कार्यालयका यादव थापा मुद्रा व्यवस्थापन विभाग र मुद्रा व्यवस्थापन विभागका दिनेश के.सी. बैंकिङ कार्यालयमा सरुवा हुनुभएको छ ।

# पूर्व सेवाकालीन तालीम सम्पन्न



नेपाल राष्ट्र बैंकमा २०७६ साउन १ गते नियुक्त भएका प्रशासन सेवा नेपाल राष्ट्र बैंकमा २०७६ साउन १ गते नियुक्त भएका प्रशासन सेवा र प्राविधिक सेवा (सूचना प्रविधि) समूहका ७९ र प्रतिक्षा सूचीमा रहि नियुक्त भएका ४ जना गरी जम्मा ८३ जना सहायक कर्मचारीलाई पूर्व सेवाकालीन तालीम दिइएको छ ।

बैंकर्स प्रशिक्षण केन्द्रद्वारा ललितपुरको जावलाखेलस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा उहाँहरूलाई साउन २-८ गतेसम्म पूर्व सेवाकालीन तालीम दिइएको हो । डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले उक्त तालिमको उद्घाटन गर्नुभयो ।

सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले नवनियुक्त कर्मचारीहरूलाई बधाई दिँदै बैंकमा वृत्ति विकासको प्रशस्त अवसर रहेकोले इमान्दार र लगनशील भई जिम्मेवारी पुरा गर्न निर्देशन दिनुभयो । कार्यक्रममा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ अध्ययन निर्देशक नारायणगोपाल मलेगोले तालीमको महत्वमाथि प्रकाश पार्दै सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारीले शुभकामना मन्तव्य राख्नु भएको थियो भने प्रशिक्षण केन्द्रका निर्देशक पोमनाथ गौतमले तालीमको महत्व र उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यकारी निर्देशक भण्डारीको प्रमुख आतिथ्यतामा २०७६ साउन ८ गते उक्त तालीम कार्यक्रमको समापन भएको थियो । सो अवसरमा जनशक्ति व्यवस्थापन विभागका निर्देशकद्वय तुलसीप्रसाद घिमिरे र गुरूप्रसाद पौडेलको समेत उपस्थिती थियो । पूर्व सेवाकालिन तालीम कार्यक्रमको संयोजन सञ्चालन केन्द्रका सहायक निर्देशक सुरेन्द्र के.सी.ले गर्नुभएको थियो ।

# मिश्र कार्यकारी निर्देशकमा बढुवा

भुक्तानी प्रणाली विभागका कायममुकायम कार्यकारी निर्देशक बमबहादुर मिश्र २०७६ साउन २३ गतेदेखि लागू हुनेगरी कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) पदमा बढुवा हुनुभएको छ ।

बैंकमा प्रशासन सेवातर्फ २०७६/०३/३१ सम्ममा रिक्त रहेको कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) को पद संख्या १ पदपूर्ति गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) को विनियम ६५ को उपविनियम (२) बमोजिम शाक्यको बढुवा भएको जनशक्ति व्यवस्थापन विभागको सूचनामा जनाइएको छ । नेपाल राष्ट्र बैंक समाचार उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

# अनिवार्य अवकाश

सामान्य सेवा विभागका निर्देशक अशोककुमार पौडेल २०७६ साउन १२ गते ३० वर्षे सेवा अवधिका कारण बैंक सेवाबाट अवकाश प्राप्त गर्नुभएको छ ।

यस्तै, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उप-निर्देशक शिवप्रसाद पहारी, सामान्य सेवा विभागका उप-निर्देशक (प्रेस) तुलसीराम गुरागाईं, सामान्य सेवा विभागका सिनियर कम्पाइलर नारायण खड्का र बैंकिङ कार्यालयका कार्यालय सहयोगी प्रथम बलराम महर्जनले समेत ३० वर्षे सेवा अवधिका आधारमा अवकाश पाउनुभएको छ । यसैगरी, मुद्रा व्यवस्थापन विभागका आरती महर्जनले ५८ वर्ष उमेर हदका आधारमा अवकाश प्राप्त गर्नुभएको छ ।

# गभर्नर डा. नेपाल र आईएमएफ प्रतिनिधिबीच भेटघाट

गभर्नर डा. चिरंजीबि नेपालसँग भारत, नेपाल र भुटानका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषका नवनियुक्त वरिष्ठ आवासीय प्रतिनिधि Luis E. Breuer ले २०७६ साउन २ गते भेटवार्ता गर्नुभयो ।

वरिष्ठ आवासीय प्रतिनिधि Luis E. Breuer लाई स्वागत गर्दै गभर्नर डा. नेपालले देशको वर्तमान आर्थिक अवस्थाबारे संक्षिप्त जानकारी गराउनुभयो । भेटवार्तामा उहाँले वैदेशिक व्यापार, शोधनान्तर स्थिति, विदेशी विनिमय सञ्चिती, विप्रेषण आप्रवाह र नेपालले विगत तीन वर्षमा हासिल गरेको आर्थिक वृद्धिका बारेमा जानकारी गराउनुभयो ।

भेटका अवसरमा गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाको सुदृढीकरणका बारेमा नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्थाको बारेमा समेत चर्चा गर्नुभएको थियो । अन्तर्राष्ट्रिय मुद्रा कोषका पूर्व वरिष्ठ आवासीय प्रतिनिधि Andreas Bauer समेत उक्त भेटघाटमा सहभागी हुनुहुन्थ्यो । सो अवसरमा गभर्नर डा. नेपालले Andreas Bauer को कार्यकालमा नेपाल र आईएमएफबीचको द्विपक्षीय सम्बन्ध सुदृढ तुल्याउन उहाँले खेल्नुभएको भूमिकाको सरहाना गर्दै भविष्यमा सफलताको निम्ति शुभकामना समेत व्यक्त गर्नुभयो ।



साथै, Andreas Bauer ले समेत आफ्नो कार्यकालमा नेपालसँगको सहकार्य फलदायी रहेको उल्लेख गर्दै गभर्नर डा. नेपालप्रति आभार व्यक्त गर्नुभयो । भेटका अवसरमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के, अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट लगायतका अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदान कार्यक्रम

नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयले २०७६ साउन २८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो ।

आ.व. २०७६/७७ को निम्ति स्वीकृत वार्षिक कार्ययोजना अन्तर्गतगभर्नरको कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । बैंक तथा वित्तीय संस्था नियमन विभागको सभाकक्षमा आयोजित कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक भुवन कडेलले “सुन निक्षेप योजना” शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।




उक्त कार्यपत्रमा सुन निक्षेपको प्रचलित ढाँचा, पद्धति, प्रक्रिया, यस्तो निक्षेपबाट बैंक तथा वित्तीय संस्था र ग्राहकलाई प्राप्त हुने लाभ, ब्याज गणना, चुनौती लगायतका विषयवस्तुहरू समेटिएको थियो । साथै, कार्यकारी निर्देशक कडेलले सुन निक्षेप योजनाका विषयमा सहभागीद्वारा राखिएका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो ।

कार्यक्रमका सभापति एवम् गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभयो । कार्यालयका उप-निर्देशक सुशिल ज्ञवालीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# डेपुटी गभर्नर शिवाकोटी अष्ट्रेलियामा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी Asia/Pacific Group on Money Laundering ले अष्ट्रेलियामा २०१९ अगष्ट १८-२३ मा आयोजना गरेको $22^{nd}$ APG Annual Meeting and Technical Assistant Forum 2019 विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्तीय जानकारी इकाईका निर्देशक रामु पौडेल, उप-निर्देशक चन्द्रमणि निरौला र गभर्नरको कार्यालयका उप-निर्देशक तेजबहादुर खाँण समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

**प्रकाशक**

नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा

बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext .: १३९/३६२

ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**

सुशिल ज्ञवाली

**सम्पादन सहयोगी**

विष्णु दत्त पाण्डेय

लालकुमार सुवेदी

नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-५७०६११६, ५७०५९१८